# १ येशू र सैतानको बीचमा महान् मतभेदः मुक्तिको जग वा सुरुवात

*यस अध्यायको निम्ति पढ्नुहोस्:* उत्पत्ति ३:१५, प्रकाश १२:१-१७, यशैया १४:४-२१, इजकियल २८:१२-१९, यशैया ५३:६, रोमी १:२०-२८, यूहन्ना १६:२।

*स्मरण गर्नुपर्ने पदः* " 'तिमी (सैतान) र स्त्रीको (मण्डली) बीचमा म दुश्मनी हाली दिनेछु। तिम्रो सन्तान र उनको सन्तानहरू एक आपसमा शत्रु हुनेछन्। उनको पुत्रले (येशू) तिम्रो शिर कुच्च्याउनेछ। र तिमीले उसको कुर्कुच्चा डस्नेछौ।' " (उत्पत्ति ३:१५ रूपान्तरित)।

मूल सोचः सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको सबै आधारभूत मौलिक शिक्षाको मूल बिषयवस्तुमा येशू र सैतानको बीचमा भइरहेको महान् मतभेद वा वैचारिक युद्ध पाइन्छ। त्यहि बिषयले २८वटा मौलिक शिक्षालाई सम्हाली राख्न सहयोग गर्दछ।

**"आवश्यकता नै आविष्कारको आमा हो" भन्ने पुरानो कहावत छ।** आविष्कार भन्ने शव्दलाई "स्रोत", "सुरुवात", वा "जग" भनेर वाख्या गर्न सकिन्छ। यसको अर्थ केहि कुराको समस्या वा आवश्यकताको पहिला महशूस गर्नुपर्छ अनि त्यस आवश्यकतालाई परिपूर्ति गर्न मानिसहरूले केहि नै केहि उपाय निकाल्दछ। उदाहरण लिउँः विश्वका मानिसहरूले जीवाशेष अर्थात् फसिललाई उर्जाको रूपमा प्रयोग गरिरहेकाछन्। जीवित वा अजीवित वस्तुहरू पृथ्वीको मुनी हजारौं वर्ष कुहिएर, मक्किएर अनि कालो पत्थर वा तरल पदार्थमा परिणत भएर बसेका छन्। त्यसलाई नै जीवाशेष अर्थात् फसिल भनिन्छ। पेट्रोल, मत्तितेल वा डिजेलको स्रोत त्यहि फसिल हो। त्यस फसिलले गर्दा हावा दुषित भइरहेको सबैलाई नै थाहा छ। त्यसले गर्दा मानिसहरूले सफा हावाको आवश्यकता महशूस गरिरहेकाछन्। तर मानिसहरू उर्जा बिना चल्न सक्दैन। फेरि हामीहरूलाई सफा हावाको पनि आवश्यकता छ। त्यसैलाई मध्यनजरमा राखेर उर्जाको निम्ति फसिल अर्थात् जीवाशेषबाट दिने उर्जाको बिकल्प मानिसहरूले खोजिरहेकाछन्।

भौतिक आविष्कारहरू जस्तै हामीहरूले गरिने विश्वास वा आस्था प्रणालीको जग वा सुरुवातको कारणलाई वाख्या गर्ने केहि न केहि आधार चाहिन्छ। त्यहि प्रणालीलाई वाख्या गर्न सेभेन्थ-डे एडभेन्टिस्ट चर्चले २८वटा मूल शिक्षाका सूचीको बिकास वा आविष्कार गरेकाछन्। येशू र सैतानको बीचमा भइरहेकै महान् मतभेदमा ती शिक्षाहरू आधारित छन्। प्रत्येब२८वटा मौलिक शिक्षा त्यस महान् मतभेदको कुनै न कुनै भाग हुन्। महान् मतभेदको पृष्ठभूमी यस अध्यायको मूल विषय वस्तु हुनेछ। त्यस विषयलाई मध्यनजरमा राखेर हामीले त्यहि विषयको केहि मूलभूत बुँदाहरूलाई यस अध्यायले नियाल्नेछ।

## १. येशू र सैतानको बीचमा भइरहेको महान् मतभेद वा आन्तरिक युद्ध वा असहमति र त्यसका पात्रहरू (प्रकाश १२:१-७)

**मानिसहरू कुनै न कुनै युद्धमा होमीरहेको छ भनेर विश्वको मानव इतिहासले हामीलाई आभास दिइरहेकोछ। पक्ष र विपक्षको बीचमा त्यो अदृष्य संग्राम भइरहेको छ। अंग्रेजी भाषाको प्रख्यात साहित्यकार टी. एस. इलियटले लेख्दछन्,** "मेरो सारा जीवनमा एउटा कुरा नबदलिएको देखेको छु। जतिसुकै ढाकछोप गर्न खोजेतापनि त्यो अपरिवर्तन भएर बसिरहन्छ। त्यो हो असल र खराबको बीचमा निरन्तररूपमा भइरहेको संघर्ष।" ***द कम्प्लित पोइम एण्ड प्लेज*** **(न्यु योर्क, सान डिएगो, लण्डनः हारकोर्ट ब्रेस एण्ड कम्पनी, १९५२), पृ. ९८बाट अनुवादित। हो, ठिक वेठिक, असल खराब, अन्धकार र उज्यालोको बीचमा तकराव भइरहेको सामान्य रूपमा सबैलाई जानकारी छ। तर त्यो तकराव किन भइरहेको छ त? त्यो युद्धमा हामी किन होमी रहेकाछौं त भन्ने विषयमाचाहिँ विभिन्न मानिसको विभिन्न तर्कहरू छन्। त्यो अप्रतक्ष्य लडाईंको नतिजा प्रतक्ष्यरूपमा हामी भोगिरहेको हुनाले त्यसको बारेमा जानकारी हुनु किन आवश्यक छ त? त्यो लडाईंका मूल द्वन्द्वी र प्रतिद्वन्द्वी को हुन् त? अर्थात् त्यसको नायक र खलनायक को हुन् त? होइन, त्यसको अन्त कहिले हुन्छ त वा अन्त नै हुन्छ कि हुँदैन? विश्वको मानव इतिहास बुझ्न त्यो युद्धको बारेमा थाहा पाउनु किन जरूरी छ? त्यो युद्ध वा येशू र सैतानको बीचमा भइरहकेको महान् मतभेद वा असहमतिको अन्त कसरी हुनेछ? स्वर्गमा भइरहेको त्यो**

महान् मतभेद वा संग्रामको बारेमा आँशिकरूपमै भएतापनि विशेष समझदारी छ भनेर हामी सेभेन्थ-डे एडभेन्टिस्टहरू दावी गर्दछौं। त्यो ज्ञान अन्त कहिँबाट नभएर बाइबलबाटै प्राप्त भएको हो। येशू र सैतानको बीचमा भइरहेको रहस्यमय असहमति, मतभेद वा संग्रामको स्पष्ट चित्रण बाइबलले नै कोरेको छ।

उत्पत्ति ३:१५ र प्रकाश १२:१-१७ पढ्नुहोस्। ती पदहरूमा मतभेदमा संगघ्न हुने पात्रहरू उल्लेख गरेका छन्। त्यसमा मूल नायक र खलनायक को हुन् त? खेलाडी वा पात्रहरूको बारेमा बुझाउन कहिलेकाहिँ शाङ्केतिक वा शव्दचित्रहरू प्रयोग गर्दछन्। यद्यपि, शक्तिहरूको बीचमा जुन लडाइँ भइरहेको छ, त्यो मनगढन्ते नभएर वास्तिविक नै हो भनेर हामी किन विश्वास गर्दछौं? यदि येशू र सैतानको बीचमा भइरहेको महान् घमासान युद्ध वा मतभेदलाई पन्छायौं भने हाम्रो चर्चले दिने शिक्षादिक्षाको आशय कसरी चकनाचूर हुनसक्छ?

सैतान, स्वर्गदूत र परमेश्वर भन्ने शव्दहरू मानिसहरूले प्रयोग गर्नु कुनै अचम्म होइन। तर मानिसहरूले ती शव्दहरूलाई प्रयोग गरे भन्दैमा त्यसको वास्तविक अर्थ थाहा छ भन्ने छैन। ईश्वर, भगवान व परमेश्वर भन्ने शव्द पुस्तकमा होस् वा कतिले कुराकानीमा कहिलेकाहिँ प्रयोग गरेको पाउँछौं। तर यथार्थमा ती शव्दहरू प्रयोग गऱ्यो भन्दैमा परमेश्वरको स्थान वा अस्तित्वप्रति तिनीहरूले चासो देखाएको रहेछ भन्ने छैन।

सैतान र उसका दूत अर्थात दानव चरित्र भएका जीवहरू होउन् वा परमेश्वरका असल दूत वा सर्व हितैषी जीवहरू होउन्, तिनीहरूको बारेमा बुझाउन जुनसुकै प्रतिकहरू प्रयोग गरेतापनि, तिनीहरू मनगढन्ते नभएर यथार्थ अर्थात् वास्तिविक जीवहरू हुन् भनेर बाइबलले स्पष्ट पार्दछ। येशू र सैतानको बीचमा भइरहेको वास्तिविक महान् मतभेदको युद्धमा तिनीहरू सामेल भइरहेकाछन् भनेर बाइबलले बताउँदछ। विषेश गरेर हामी सेभेन्थ-डे एडभेन्टिस्ट मतका इसाईहरूले त्यस महान् मतभेदको संग्रामलाई गम्भिररूपमा लिइरहेकाछौं। यदि माथि उल्लेख गरेका पात्रहरूलाई वास्तविक रूपमा स्विकार्दैनौं भने यस अध्ययन पुस्तकमा उल्लेख गरेका सबै विद्याहरूको कुनै अर्थ हुँदैन। लोकप्रिय तर्कहरूबाट हामीहरूलाई अलग राख्ने विद्या नै हामीले बुझेका येशू र सैतानको बीचमा भइरहेको महान् मतभेदको संघर्ष हो।

मानव धर्मको नाउँमा संसारका अनगिन्ति बुद्धिजीविहरूले मानिसहरूलाई मन बहलाउने तर्कहरूद्वारा परमेश्वरको अस्तित्वलाई हटाउन खोजिरहेको कमसेकम दुई सय वर्ष भयो। विज्ञानको सफलताले गर्दा परमेश्वरलाई पन्छाएर संसारका कतिपय मानिसहरूले विभिन्न समस्याहरूलाई वैज्ञानिक ढँगले नै समाधान गर्न खोजिरहेकाछन्। यस क्रियाकलापमा विभिन्न क्षेत्रका मानिसहरू सक्रिय रूपमा बढिसे बढि तँछाडमछाड गरेर भाग लिइरहेकाछन्। मानव आविश्कार वैज्ञानिक सोचबिचारमा परमेश्वरका दूत र सैतानका दूतहरूको गतिविधिलाई ठाउँ दिन नसकेको पाइन्छ। यसको फलस्वरूप आधुनिक मानव जगतमा सत्य सनातन सृष्टिकर्ता परपप्रभु परमेश्वरप्रतिको आस्था र स्वर्गका कुराहरूप्रति ध्यान दिने आदत मन्दगतिले देहावशान भइरहेको सबैलाई थाहा भएको कुरो हो।

संसारको तर्कवितर्क वा दर्शन र वैज्ञानिक कुराहरूले तपाईँको समाजलाई कत्तिको प्रभाव पारिरहेकोछ? तपाईँ आफै पनि तिनीहरूबाट कत्तिको प्रभावित भइरहनुभएकोछ? परमेश्वर विहिन कुन् क्षेत्रका ती मानव दर्शन वा वैज्ञानिक दृष्टिकोणहरूबाट हामी सचेत हुनुपर्दछ?

## २. स्वर्गदूतहरूका मूल अग्रज लुसिफरको पतन (१ तिमोथी ३:६)

हुन त परमेश्वर र सैतानको बीचमा खास के के कुराहरूमा मतभेद उब्जिएका थिए भनेर बाइबलले स्पष्ट रूपमा हामीलाई भन्दैन। तर बाइबलमा उल्लेखित केहि पदहरूबाट त्यसको बारेमा केहि ज्ञान हामी पाउन सक्दछौं। ती पदहरूमा यशैया १४:४-१३ र इजकियल २८:१२-१९ उल्लेखनीय छन्। झट्ट हेर्दा त्यहाँ उल्लेख गरेका टायर र बेबिलोन (आधुनिक इराक)को राजाहरूको बारेमा वर्णन गरेको देखिन्छ। तर ध्यानपूर्वक पढियो भने ती पदहरूले बाइबलको समयमा राज गरेका मध्यपूर्वका राजाहरूलाई मात्र सम्वोधन गरेको पाइन्दैन। ती राजाहरूलाई प्रतिकको रूपमा लिएर सैतान हुनपुगेको लुशिफरको सुरू, स्वर्गदूतहरूको बीचमा उसको अग्रज स्थान र पतनलाई औंल्याउँदछन्।

पावलले चर्चको विशेष गरेर नियुक्त गरिएका नयाँ अगुवाको बारेमा स्पष्ट धारणा यसरी व्यक्त गर्दछन्: "यदि कुनै मानिसहरू आफ्नो घरका मानिसहरूलाई तह लगाउन सक्दैन भने तिनले परमेश्वरको मण्डलीको रेखदेख कसरी गर्न सक्दछ र? तिनी नयाँ विश्वासी नहोउन्,

नत्रता घमण्डले फुलेर तिनी सैतानले पाउने दण्ड जस्तै तिनले पाउनेछन्। फेरि येशूलाई विश्वास नगर्ने अन्य विश्वासीहरूको दृष्टिमा तिनी असल मानिस भएको ठहरिनुपर्दछ। यदि चर्चको अगुवा त हुने तर चरित्रमा खोट छ भने त्यो मानिस सैतानको पासोमा सजिलैसँग पर्नसक्दछ।" १ तिमोथी ३:५-७ रूपान्तरित। चर्चको अगुवाहरूलाई लक्षित गरेको पावलको सतर्कताले यशैया १४:४:२१ र इजकियल २८:१२-१९लाई कसरी बुझाउन खोज्दछ? येशू र सैतानको बीचमा भइरहेको गम्भिर तथा महान् मतभेद कुन् विषयमा रहेछ भनेर तिमोथी, यशैया र इजकियलबाट उदृध गरेका पदहरूबाट हामीलाई बुझाउन मद्दत गर्दछन्?

**माथिका पदहरूले जल्दोबल्दो तिन विषयवस्तुहरूलाई नामै दिएर सम्वोधन गर्दछन्। रूपान्तरित गरिएका विषयवस्तुहरू ती हुन्ः अहंकार वा घमण्ड, स्वायत्ता अर्थात परमेश्वर बिनाको स्वतन्त्र शासन पद्धती अपनाउन खोज्नु र परमेश्वरको कुनै पनि नितिमा नहिँडी स्वतन्त्र भएर चल्नु। सैतान सृष्टि गरिएको र परमेश्वरमा भरपर्ने जीव थियो भनेर पुरानो करारले देखाउँदछ। तर तिनी परमेश्वरबाट स्वतन्त्र भएर आफ्नै धार्मिक राज्य खडा गर्न चाहेको भनेर पनि बाइबलले खुलासा गर्दछ। तर स्वाधिन वा स्वतन्त्र हुन चाहने इच्छा भनेकै कसैको मातहतमा रहन नचाहनु हो। सुरूदेखि नै सैतानले पाप गरेको थियो भनेर येशूले यूहन्ना ३:८मा उल्लेख गर्नुभएको थियो। व्यवस्था वा कानूनलाई उल्लङ्घन गर्नु नै पाप हो भनेर यूहन्ना ३:४मा वाख्या गरिएको छ। परमेश्वर नियन्त्रण र उहाँको निति वा व्यवस्थाबाट अलग हुन चाहनु नै सैतानको पाप थियो भनेर देखाइएको छ। परमेश्वरको व्यवस्था वा उहाँको विधिको शासनबाट स्वतन्त्र भएर आफ्नै निति चलाउन चाहनु सैतानको प्रवल इच्छा थियो। त्यस्तो विद्रोही निति खतरापूर्ण छ। किनभने स्वर्गमा रहेको परमेश्वरको व्यवस्था वा शासन पद्धती सिद्ध छैन, त्यसमा साँच्चिकै केहि कमी कमजोरि वा त्रुटिहरू छन् भनेर पृथ्वीका मानव समाज र जगतको अन्य जीवहरूको सोचमा त्यस विद्रोही भावनाले धकेल्दछ। तर परमेश्वरको सत्य र सिद्ध चरित्रलाई प्रतिविम्व गर्ने नै उहाँको व्यवस्था (विशेष गरे दश आज्ञाहरू) हो। त्यस व्यवस्थामा त्रुटि छ भन्नु नै परमेश्वरको चरित्रमा खोट लगाउनु हो। तसर्थ सैतानको विद्रोहको अर्थ उसले परमेश्वर आफैको खिलाफमा विद्रोह गरेको ठहर्दछ।**

अहँकार, आफ्नै तालमा हिंडने र स्वतन्त्र हुन चाहने प्रवृत्तिले कसको याद दिलाउँछ? अहँकार, कसैको अधिनमा बस्न नचाहनु र स्वतन्त्र भएर आफूखुशी चल्न चाहने धरापबाट हामी कसरी सजग हुने? लोकमा त्यो निति ठिकै देखिएतापनि अन्तमा त्यो किन घातक हुनसक्दछ?

## ३. परमेश्वरको अस्त्र (उत्पत्ति ३:१५)

"तिम्रो सन्तानको शीर उसले कुल्चने छ र तिम्रो सन्तानले उसको कुर्कुच्चा डस्ने छौ" भनेर परमेश्वरले सुनाउनु भएको निर्णायक फैसलामा येशू र सैतानको बीचमा भइरहेको महान् मतभेदलाई कसरी उदाङ्ग पार्दछ?

**त्यस महान् मतभेदको युद्धमा कुन अस्त्र परमेश्वरले प्रयोग गर्नु भयो भनेर उत्पत्ति ३:१५ले केहि हदसम्म हामीलाई आभास दिँदछ। सर्प अर्थात् सैतान र स्त्रीको बीचमा संग्राम भर्खर सुरू भयो भनेर त्यस पदको भाषाले देखाउँदछ। स्त्रीको सन्तान र सर्पको सन्तानको बीचमा संघर्ष जारी नै रहनेछ। त्यो युद्ध त्यसबेला अन्त हुनेछ जब सैतान र स्त्रीको पुरूष बालकको बीचमा जीवनमृत्युको घमासान लडाईं हुनेछ। त्यो बालक थियो, नाजरथको येशू ख्रीष्ट। परमेश्वरले येशूलाई अस्त्रको रूपमा प्रयोग गर्नुभएको थियो। स्त्रीको निम्ति उहाँ आउनु हुनेछ र उहाँले अनेकन् चोट खप्नुहुनेछ। तर अन्तमा सैतानलाई उहाँले घातक मुक्का हान्नुहुनेछ। येशू र सैतानको बीचमा भएको संग्रामको चरमविन्दु क्रुस थियो जहाँ स्वइच्छाले येशूले आफ्नो प्राणको आहुति दिनुभयो। यो पापी मानिसप्रति देखाउनुभएको निस्वार्थी प्रेमको अतुलनीय काम थियो।**

केहि विषयवस्तुले गर्दा येशू र सैतानको बीचमा भइरहेको महान् मतभेदको बारेमा देहायका पदहरूले हामीलाई बुझाउन खोज्दछन्। त्यस मतभेदमा मुक्तिको योजनाले कस्तो उल्लेखनीय भूमिका खेलिरहेको हामी पाउँछौं?

उत्पत्ति ४:४सँग हिब्रू ११:४ दाँज्नुहोस्।
उत्पत्ति १२:३, २२:१८सँग गलाती ३:१६ दाँज्नुहोस्।
प्रस्थान २५:९सँग हिब्रू ८:२ दाँज्नुहोस्।
यशैया ५३:६सँग रोमी ५:८ दाँज्नुहोस्।

त्यहि सन्दर्भमा मत्ती १६:१८, मत्ती १८:१६-२० र हिब्रू ८:१,२ पनि पढ्नुहोस्।

## ४. सैतानको प्रत्याक्रमण (रोमी १:२०-२८)

**योभन्दा अघिल्लो बुँदाका टिप्पणी र पदहरू ध्यानपूर्वक अध्ययन गर्नुभयो भने येशू र सैतानको बीचमा भइरहेको महान् मतभेद (सहमत असहमत)मा परमेश्वर आफै र उहाँको सत्यलाई कसरी प्रकट गरेर देखाउनुभयो भनेर तपाईं बुझ्नुहुने थियो। महान् मतभेदको दौरानमा देहायका माध्यमहरूबाट मानिसहरूप्रति परमेश्वरको चासो यसरी देखाउनु भएको हामी पाउँछौं: (१) बाइबलमा उल्लेखित अग्रजहरू र परमेश्वरको पवित्र मन्दिरमा गरिने विभिन्न धार्मिक विधिहरूबाट (२) मानिसको पापलाई पखाल्ने ख्रीष्टको बलिदानबाट (३) चर्चबाट, र (४) स्वर्गमा मूल पूजारी भएर कार्यरत भइरहनुभएको ख्रीष्टको आफ्नै कामबाट।**

**तर परमेश्वरको योजनालाई चक्नाचुर गर्न अलिकति पनि आराम नलिइकन सैतानले कठोर प्रयास गरिरहेको थियो र गरिरहेको पनि छ। विभिन्न योजनाहरूद्वारा परमेश्वरले मानिसहरूलाई आफूतिर खिँच्न खोज्ने पद्धति नै महान् मतभेदका बिषयवस्तुहरू बनेका थिए र बर्तमान कालमा पनि येशू र सैतानको बीचमा भइरहेको संग्रामका मूल कारण त्यहि बिषयवस्तुहरू भइरहेकाछन्।**

**उदाहरणमा, पौराणिक इस्रायलमा परमेश्वरको पवित्र मन्दिर तिनीहरूकहाँ खडा गरिएको थियो। त्यहाँ विभिन्न बलिप्रथा तथा विधिहरू थिए। तिनीहरूले परमेश्वर सृष्टिकर्ता भनेर सम्झना गराउन र मुक्तिको आशालाई जगाइ राखेका थिए।**

तर परमेश्वरको मन्दिरमा गरिने बलिप्रथाद्वारा मुक्तिको योजना औंल्याउने सत उपायलाई सैतानले कसरी नाश गर्न खोजेको थियो? रोमी १:२०-२८ र व्यवस्था ३२:१७,१८ पढ्नुहोस्।

**परमेश्वर र सैतानको बीचमा महान् मतभेदले गर्दा छेडिरहेको महायुद्धमा सैतानलाई हराउन परमेश्वरले येशूलाई नै आफ्नो महाअस्त्र रूपमा प्रयोग गर्नुभएको थियो। ती महाअस्त्रमा येशूका विभिन्न उल्लेखनीय मझ्यौला अस्त्रहरू प्रयोग गर्नु भएको थियो। ती थिएः उहाँ मानिसको अवतार लिएर आउनु (अथक तपस्या, प्रयास, विद्याहरू आर्जन गरेर मानिस परमेश्वर वा भगवान हुन येशू आउनु भएको थिएन, तर**

जगतका सृष्टिकर्ता परमेश्वर नै मानव चोला लिएर मानिसको स्तरमा आउनुभएको थियो), संसारमा रहनुहुँदा मानिसबाट सेवा वा सम्मान पाउन अघि नसर्नु बरू मानिसलाई हरतरहले सेवा गर्नु, क्रुसमा उहाँको अतुलनीय बलिदान जस्ता अति उल्लेखनीय अस्त्रहरू आदि। ख्रीष्टको खिलाफमा सैतानले जतिसुकै नथाकिकन लागेतापनि येशूको मृत्युले तिनी असफल बिद्रोही भएको प्रमाणित गरिएको छ।

ख्रीष्ट येशूलाई पछार्न सैतानले कस्ता आक्रमक नितिहरू अपनाएका थिए भनेर देहायका पदहरू पढ्नुहोस्ः मत्ती २ः१-१८, मत्ती ४ः१-११, मत्ती १६ः२१-२३ र मत्ती २७ः३९-४२।

जब स्वइच्छाले ख्रीष्ट मर्नुभयो र मृत्युमाथि बिजय प्राप्त गरि बौरिउठ्नुभयो तब सैतान सदाको लागि पछारिएको थियो। त्यसपश्चात परमेश्वरबाट बीचलित भएका मानिसहरूलाई मुक्तिको शुभ सन्देश दिन यस संसारमा उहाँले चर्च स्थापना गर्नुभयो। चर्चको स्थापनाकालदेखि नै त्यसलाई कमजोर पार्न र नाश गर्न सैतानले भरमग्दुर प्रयास गरेर र गरिपनि रहेको छ। चर्चको खिलाफमा सैतानले प्रयोग गरिएका विभिन्न केहि अस्त्रहरू देहायका पदहरूले दिँदछन्ः प्रेरित ५ः१७,१८, प्रेरित ७ः५४-६०, २ थेसलोनिकी २ः१-४, १ तिमोथी ४ः१, २ पत्रुस २ः१ र प्रकाश १२ः१३-१७।

बौरि उठ्नुभएपछि स्वर्गको सक्कल पवित्र मन्दिरमा येशू पस्नुभएको थियो भनेर हिब्रूको पुस्तकमा उल्लेख गरिएको छ। हेर्नुहोस्ः हिब्रू ४ः१४-१६, हिब्रू ९ः२४। पापबाट क्षमा पाएका उहाँका जनहरूको निम्ति ख्रीष्ट स्वर्गमा महान् पुरोहितको रूपमा कार्यरत भएरहनुभएको छ भनेर हिब्रू ७ः२७ले खुलासा गर्दछन्। स्वर्गको पवित्र मन्दिरमा ख्रीष्टले गर्नुभएको पुरोहितको कामको खिलाफमा सैतानले कस्तो आक्रामक निति लिएको थियो भनेर दानियल ८ः११-१४मा उल्लेख गरिएको हामी देख्छौं। बर्तमान अवस्थामा पनि सैतानले येशूको कामलाई नाश गर्न भरमग्दुर प्रयास गरिरहेको छ।

१ पत्रुस ५ः८,९मा हामी सबैलाई यसरी खबरदारी गरिएकोछः “सचेत रहो, जागा रहो। तिमीहरूको शत्रु दियावलस कसलाई भेट्टाउँ र खाइहालुँ भनी गर्जने सिँहझैं तिमीहरूलाई खोजिरहेको छ। विश्वासमा दन्हिला भएर त्यसको विरोध गर, किनकि संसारभरि नै तिमीहरूका दाज्युभाइहरूले पनि यस्तै कष्टको अनुभव गरिरहनुपरेको छ।" पत्रुसको

त्यस चेतावनी पढेर साँच्चिकै बुझ्नु एक पक्ष हो। तर दैनिक जीवनमा त्यस चेतावनीलाई आत्मसात् गरेर जीउनु अर्को पक्ष हो। सैतानसँग दिन दिनै हामी कसरी भिंड्ने। सैतान तपाईंको खिलाफमा गइरहेको छ भन्ने आभास दिनमा कतिपल्ट पाउनुभएको छ?

## ५. भविष्यमा हुने अन्त (यहोशू २४:१५)

"मानौं तिमीहरूले उहाँलाई (परमेश्वरलाई) विश्वास वा सेवा गर्न चाहन्दैनौं रे। तर अहिले नै निर्णायक घडी छ, कसको सेवा गर्न वा कसको भक्त हुन तिमीहरू चुन्न चाहन्छौ। युफ्रेटिस नदीको पूर्व वा इजिप्तमा भएका देवीदेवताहरूको पूजा र सेवा गर्न तिमीहरूलाई आत्मनिर्णयको स्वतन्त्र छ। फेरि तिमीहरू बसोबास गर्न पाएको देश आमोराइटका सर्वसाधारण जनताहरूले पूजा आजा र सेवा गरेका देवीदेवताहरूलाई मात्र पनि तिमीहरू स्वतन्त्र छौ। तर म र मेरा परिवारले जीवित परमप्रभु परमेश्वरको सेवा गर्नेछौं।" (यहोशू २४:१५ रूपान्तरित)। परमेश्वर र सैतानको बीचमा भइरहेको महान् मतभेदको मूल आधारभूत विषयवस्तु के रहेछ भनेर माथिको पदले हामीलाई छर्लङ्ग पार्दछ?

**(संसारको अन्त हुने नै छ भनेर विज्ञान र सबै धर्म तथा दर्शनहरूले वकालत त गरिनै रहेका छन्)। परमेश्वर र सैतानको बीचमा भइरहेको अन्तिम संग्रामका दृष्यहरू बाइबलका भविष्यवाणीहरूले खुलासा गरिएकाछन्। ती भविष्यवाणी अर्थात् परमेश्वरका विशेष सन्देशहरूलाई ध्यान दिएर पढ्न सक्यौं भने अन्तिम समयमा भइरहेको घट्नाले हामीलाई बीचलित पार्दैन। १२६० वर्षसम्म सैतानले परमेश्वरका जनहरूको खिलाफमा आक्रमक निति लिएर चल्नेछ भनेर देहायका पदहरूले देखाउँदछन्, हेर्नुहोस्: दानियल ७:२५, दानियल १२:७, प्रकाश ११:२, प्रकाश १२:१४, प्रकाश १३:५। प्रकाश १२ र १३ अनुसार परमेश्वरको जन बिरुद्ध अन्तिम अस्त्र प्रयोग गर्नेछन् भनेर उल्लेख गरिएको छ। ती अस्त्र हुन्, तिनीबाट परिचालित दुई सांसारिक शक्तिहरू: चितुवा जस्तो पशु (प्रकाश १३:१-१०) र दुई सिङ्ग भएको पशु (प्रकाश १३:११-१७)। अघिल्लो बुँदामा छलफल गरिएको सैतानका विभिन्न छलकपट, रणनीतिहरू परमेश्वरको जनहरूलाई तहसनहस पार्न ती पशुहरूले प्रयोग गर्नेछन्।**

सैतानले छेडिरहेको परमेश्वरका जनहरूप्रतिको आक्रमणलाई अन्त गर्न परमेश्वरको कस्तो योजना छ भनेर प्रकाश १४ अध्यायमा वर्णन गरिएको छ। परमेश्वर र सैतानको बीचमा भइरहेको महान् मतभेद युद्धका केहि विषयवस्तुहरू स्पष्ट पारिनेछन् भनेर प्रकाश १४:६-१३ पदहरूले खुलाएका छन्। ती विषयवस्तुहरू के हुन् त?

**परमेश्वर र सैतानको बीचमा भइरहेको युद्धको अन्त्य गर्न पहिला सारा बिश्वभरमा तिन स्वर्गदूतहरूका सन्देशहरू स्पष्टरूपमा फैलाउनु अत्यावश्यक छ भन्ने परमेश्वरको धारणा छ। विभिन्न बिषयबस्तुहरूको बारेमा मानिसहरूले निर्णायक निर्णय गर्न सक्षम् बनाउन ती बस्तुहरूको बारेमा तिनीहरूलाई राम्रोसँग सुचीत गराउनुपर्दछ। (सूचनाको हक तिनीहरूले नपाइकन तिनीहरूलाई न्याय गर्नु मनासिव छैन भनेर परमेश्वरले ठान्नुभएकोले होला। त्यस हकले मानिसहरूको दिमाग वा नियत खोतल्न अवसर दिन्छ। संसारका अरू मानिसहरू र परमेश्वर र सैतानको बीचमा भइरहेको महान् अन्तरद्वन्धको खेलमा को नायक, खलनायक र पात्रहरू छन् भनेर त्यस सूचनाको हकले हामीलाई निरन्तररूपमा बुझाइरहेको हुन्छ-अनुवादकको मनतव्य)।**

**संसारको अन्त हुनुभन्दा अघि अन्तिम लडाईंमा परमेश्वरको पक्षमा बफादारी भएर उभिने समूह खडा हुनेछन्। प्रकाश १४को ३मा ती समूहमा समावेश हुनेहरूको संख्या १४४,००० भनेर शाङ्केतिक शव्दमा तोकिएको छ। तोकिएको संख्या भन्दा संसारका सारा राष्ट्रका बिशाल विश्वासी जनसमूहलाई त्यसले संङ्केत गरेको हुनुपर्दछ (प्रकाश ७:४)। महान् संङ्कटको समयमा पनि तिनीहरू परमेश्वरको दश आज्ञाहरूप्रति आज्ञाकारी भएर बस्नेछन्। सृष्टिकर्ता परमप्रभु सनातनका परमेश्वरका पूजक भएर अत्यन्त भक्तिसाथ बस्ने ती समूह हुन्। परमेश्वरले तिनीहरूलाई सहस्र स्विकार गर्नुहुनेछ। उहाँसँगै तिनीहरू सैतानसँगको संग्राममा बिजय प्राप्त गरिरहनेछन्। तर परमेश्वरको आदर्शलाई नमानी दुष्ट, खराब र अधर्मलाई अङ्गाली रहन रुचाउनेहरू अन्तिम कतानीमा नष्ट हुनेछन् (प्रकाश १४:१४-२०)। निचोडमा भन्ने हो भने परमेश्वर र सैतानको बीचमा भइरहेको महान् मतभेदको युद्ध जसमा हामी पनि पात्र बन्न पुगेका छौं, त्यसको अन्त्य एक दिन हुनेछ।**

त्यसकारण त्यस महान् मतभेदको बारेमा एउटा कुरा हरदम याद गरिराखौंः आस्तिक भएर परम प्रभु सनातन जगतका सृष्टिकर्ता

परमेश्वरको पक्षमा वा नास्तिक भएर परमेश्वरको गरिमामय अस्तित्वलाई नस्वीकारी सैतानको पक्षमा उभिन प्रत्येकले आत्मनिर्णयको अधिकार पाइरहेको हुन्छ। तपाईं कि त एक पक्षमा वा अर्को पक्षमा उभिरहनुभएको हुन्छ। प्रत्येक व्यक्ति परमेश्वरको पक्षमा उभिन दावी गर्न सक्दछ (यूहन्ना १६:२ पढ्नुहोस्)। तर तपाईं परमेश्वरकै पक्षमा उभिरहनुभएको छ भनेर कसरी यकिन हुने? यस बारे चिन्तनमनन गर्नुहोस्।

**उपसंहार:** यदि तपाईंको पहुँचमा छ भने यी सामग्री पढ्नुहोस्: फ्रान्क बी हलब्रुकको "*द ग्रेट कन्त्रोभर्सी*" पृ. ९६९-१००८ र रावल डिडर्नले सम्पादन गरिएको *हान्डबुक अभ सेभन्थ-डे एडभेन्टिस्ट थियोलोजी* पुस्तक।

"बाइबलको व्याख्या बाइबल आफै हो। एक एक पदसँग अर्को पदसँग तुलना गर्नुपर्दछ। बाइबलमा लेखिएका शव्दहरू अलगिएका शव्दहरू हुन वा भनाइहरूलाई अलग पारेर अर्थ लगाउने काम न्यायोचित हुँदैन। प्रत्येक शव्दहरू भागको भाग नभएर सम्पूर्ण भागको भाग भनेर मानिलिनुपर्दछ। एक शव्दसँग अरू शव्दहरूको सम्वन्ध गाढा भएको देख्नुपर्दछ। बाइबलका पाठकले पढ्दा यी कुराहरू ख्याल गर्नुपर्दछ: क. बाइबलको मूख्य विषयवस्तु के हो। ख. यस संसारको निम्ति परमेश्वरको प्रारम्भिक योजना के थियो। ख. परमेश्वर र सैतानको बीचमा उब्जिएको महान् अन्तरद्वन्ध वा मतभेद। र ग. मानिसहरूलाई परमेश्वरको राज्यमा हुल्न मुक्तिको योजना र त्यसको कार्यान्वन।

येशू र सैतानको बीचमा एक आपसमा जित्नको निम्ति आआफ्ना फौजसहित भयानक संग्राम भइरहेको छ भनेर बाइबलका प्रत्येक पाठकले बुझ्नुपर्दछ। विश्वको इतिहास, भविष्यवाणी र संसारको युगको अन्त्यमा हुने संघर्षमा दुई फौजहरूको भूमिका कस्तो थियो, के भइरहेको छ र के हुनेछ भन्ने ज्ञान प्रत्येकले लिन खोज्नुपर्दछ। मानव अनुभवको प्रत्येक पाटामा येशू र सैतानको बीचमा भइरहेको महान् मतभेद कसरी पसिरहेको छ भनेर बाइबलका विद्यार्थीले देख्नुपर्दछ। लडाईं छेडिरहेका दुवै शत्रुहरूको माझमा आफू कसको पक्षमा लागिरहेको छ भन्ने कुरालाई आफ्नो प्रत्येक क्रियाकलाप वा जीवनशैलीले देखाउँदछ भनेर बाइबलका शिष्यले बुझ्नुपर्दछ। त्यस महान् मतभेदको संग्रामको अन्तमा आफू

कसको पक्षमा उभिन जाने रहेछ भनेर बाइबलका विद्यार्थीले महशूस गर्नुपर्दछ।" एलेन जी ह्वाइट, एजुकेशन, पृ. १९०बाट रूपान्तरित।

**चिन्तनमनन:**

क. मानव जीवनको प्रत्येक दिन प्रत्येक क्षणमा कुनै न कुनै रूपले येशू र सैतानको बीचमा भइरहेको युद्धमा सहभागी भइ नै रहेका हुन्छौं भनेर एलेन जी ह्वाइटको माथिको उदगारले बताउँदछ। तपाईंकै व्यक्तिगत अनुभवमा त्यो कत्तिको सत्य सावित भइरहेको छ? पापै पाप, अन्धकार, अन्यौल, दुःखकष्टको भुमरीमा परिरहनुभएको तपाईं, त्यस महान् मतभेदको ज्ञानले परमेश्वरमा बलियो हुने सामर्थ दिने स्रोत भएको पाउनुभएको छ कि निराश वा उदाश वा हतोत्साह दिने स्रोत हुन गइरहेको छ?

ख. ख्रीष्टको दोस्रो आगमना कत्ति ढिलो भइरहेको छ भनेर कतिले चर्चा गरिरहेको हामी पाउँछौं। प्रत्येक दिनमा बढिरहेको अन्याय, अत्याचार, दुःखकष्ट आदिले यस पृथ्वीको नयाँ दिन भार भएर गइरहेको महशूस गरिएकोछ। येशू आउनुभएको ढिलो भएको हो कि उहाँ पर्खिरहनुभएको छ भन्ने सोचबिचारलाई विश्वासीहरूको बीचमा छलफल गर्नुहोस्।

ग. असल र खराबको बीचमा भइरहेको संघर्षको अन्त्यकम के हुनेछ भनेर हामीले कसरी यकिन हुने? अन्तमा सत्य र असलको बिजय हुनेछ र दुष्ट सदाको निम्ति हराउनेछ भन्ने आश्वासन तपाईंलाई केले दिँदछ? त्यो विश्वास गर्ने आधार के छ त? उदाहरणमा दानियल २ अध्यायको भविष्यवाणीले अन्तमा येशूको बिजय हुनेछ भनेर थाहा दिने र विश्वासमा सहायता दिने जस्ता भविष्यवाणी अरूहरू पनि छन्।

घ. पाँचौं बुँदाको पुछारमा दिएको अन्तिम जिज्ञासाको बारेमा चिन्तन गर्नुहोस्। मानिसको सम्पूर्ण जीवनलाई असर पारिरहने शक्ति के रहेछ भन्ने आत्मज्ञानले अन्तमा के हुनेछ भनेर थाहा दिँछ। तर तपाईं कसको पक्षमा उभिरहनुभएको छ भनेर कसरी निश्चित हुने?